फोनः ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
## कार्यक्रम कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

## एक लिङ्गिय भाले टिलापिया/पंगासियस माछाको भुराको सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

सूचना नं.- ०५/२०८२/८३

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०४/२८

यस एकाइको चालु आ.व. २०८२/८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार रुपन्देहीको माछा सुपरजोन प्रभाव क्षेत्रमा एक लिङ्गिय भाले टिलापिया/पंगासियस माछाको व्यवसायिक माछापालन विस्तार कार्यक्रमको लागि माग भएको एक लिङ्गिय भाले टिलापिया/पंगासियस माछाको भुराको मूल्य सूची उपलब्ध गराउन सूचिकृत हुन चाहने एक लिङ्गिय टिलापिया/पंगासियस माछाको भुरा आपूर्ति गर्ने ह्याचरी/नर्सरीहरुले आफ्नो ह्याचरी/नर्सरी सूचिकृत गरी यस कार्यक्रम कार्यान्वयन एकाइको वेवसाइट www.piurupandehi.pmamp.gov.np मा राखिएको मूल्य सूची प्रस्ताव फारम भरी तपसिल बमोजिमको आवश्यक कागजात संलग्न गरी २०८२/०५/२६ गते भित्र सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

१. एक लिङ्गिय टिलापिया/पंगासियस माछाको भुरा उपलब्ध गराउने सम्बन्धी कार्यालयले उपलब्ध गराएको फर्मेटमा सिलबन्दी मूल्य सूची प्रस्ताव २०८२/०५/२६ गते सम्ममा कार्यालय समय भित्र कार्यक्रम कार्यान्वयन एकाइ, रुपन्देहीमा पेश गर्नु पर्नेछ। प्रस्ताव पेश गर्दा सम्बन्धित आपूर्तिकर्ताले कार्यालयमा आफ्नो ह्याचरी/नर्सरी वा संस्था सूचीकृत गर्न संस्थाको आधिकारीक लेटरप्याडमा निवेदन र आवश्यक कागजात समेत पेश गर्नुपर्नेछ।

२. रीतपूर्वक भरेको सिलबन्दी मूल्य सूची प्रस्ताव फारमको साथ मत्स्य ह्याचरी/नर्सरी दर्ता प्रमाण-पत्र प्रतिलिपी, स्थायी लेखा प्रमाण-पत्र प्रतिलिपी, २०८१/८२ को कर चुक्ता प्रमाण-पत्र प्रतिलिपी, संचालकको नेपाली नागरिकताको प्रमाण-पत्र प्रतिलिपी, माउ माछा पोखरी, ह्याचरी, नर्सरी तथा रियरिङ पोखरीको रङ्गिन फोटोहरु र गत वर्षहरूको भुरा उत्पादन र बिक्री बितरण प्रगति प्रतिवेदन संलग्न राखी पेश गर्नुपर्नेछ ।

३. नर्सरीकर्ता मात्रको हकमा नेपालकै अन्य कुनै ह्याचरी बाट भुरा खरिद गरेको प्रमाण खुल्ने कागजात (खरीद बिल र ह्याचरीको दर्ता प्रमाण पत्र वा विदेशबाट आयात गरिएका भुराको हकमा पशु सेवा विभागको सिफारिस/अनुमति पत्र तथा क्वारेन्टाइनबाट जारी भएको स्वस्थता प्रमाण-पत्र समेत पेश गर्नुपर्ने छ।)

४. एक लिङ्गिय भाले टिलापिया/पंगासियस माछाको भुरामा निम्नानुसारको प्राविधिक स्पेशिफिकेशनमा मात्र भुरा उपलब्ध गराउने प्रतिबद्धता पत्र पेश गर्नु पर्नेछ ।

- माछाको भुरा स्वस्थ फुर्तिलो र आँखा चम्किलो हुनु पर्दछ ।
- ह्याचरीकर्ताको हकमा आफ्नै ह्याचरीमा प्रजनन गरी उत्पादित भुरा हुनुपर्ने छ ।
- माछाको भुरा ५ ग्राम भन्दा माथिको हुनुपर्ने छ ।
- कत्ला झरेको, पुच्छर वा पखेटा (फिन) काटिएको, जिउमा ढुसी देखिएको शरीरमा रक्तस्राव भएको, आँखा बाहिर निस्केको, शरीर बाङ्गो टिङ्गो भएको, कत्ला उठेको, सेतो थोप्ला भएका, आँखामा बादल लागेको, पेट फुलेको, पिधमा पल्टेर बसेको, तैरने सन्तुलन गुमाएको, आदि लक्षण नभएको हुनु पर्दछ ।
- माछाको भुराको शरीरमा कुनै पनि घाउ तथा चोटपटक देखिने हुनु हुँदैन ।
- एक लिङ्गिय टिलापिया/पंगासियस माछाको भुरा सँग मिश्रित टिलापिया वा अन्य माछाको भुरा मिसिएको हुनु हुँदैन ।

५. प्राप्त मूल्य सूचीको तुलनात्मक अध्ययन विश्लेषण गरी न्यूनतम मूल्यमा अनुदान प्रवाह हुने गरी एक लिङ्गिय टिलापिया/पंगासियस माछाको भुराको आपूर्ति गर्ने ह्याचरी/नर्सरी मार्फत माछाको भुरा खरीद प्रक्रिया अगाडी बढाउने गरी अनुदानग्राही सँग सम्झौता गरिनेछ।

नोटः माथि उल्लेखित विवरणहरु अपुग हुने गरी पेश भएका सिलबन्दी मूल्य सूची प्रस्तावहरु स्वीकृत गर्न कार्यालय बाध्य हुने छैन। थप जानकारीको लागि कार्यक्रम कार्यान्वयन एकाइको Website: piurupandehi.pmamp.gov.np फोन नं. ०७१-५७०२०१, ०७१-५७०९१७, ९८५७०१७३८१, ९८५७०४८०३२, ९८६७२५९३४३, ९८५७०११२४० मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

२०८२/०४/२८

नारायण काफ्ले
वरिष्ठ कृषि अधिकृत
रा.प.द्वि (प्रा.)

नेपाल सरकार
कृषि तथा पशुपन्छी मन्त्रालय
# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, रुपन्देही

## एक लिङ्गिय भाले टिलापिया/पंगासियस जातको माछा भुराको मूल्य सूची प्रस्ताव फारम

१. ह्याचरी/नर्सरीको नाम:................................................................................................

२. ह्याचरी/नर्सरीको ठेगाना:...........................................................................................

सम्पर्क व्यक्तिको मोबाईल नं:.......................................................................................

ईमेल:..........................................................................................................................

३. आधिकारिक व्यक्तिको नाम:.......................................................................................

पद:...............................................................................................................................

ईमेल:..........................................................................................................................

४. ह्याचरी/नर्सरी दर्ता/रजिष्ट्रेशन नं:.................................................................................

५. दर्ता/रजिष्ट्रेशन गर्ने कार्यालय:.....................................................................................

६. ह्याचरी/नर्सरी दर्ता मिति:..........................................................................................

७. PAN/VAT जिष्ट्रेशन नं.: .............................................................................................

८. व्यापारको किसिम/ उद्देश्य: .........................................................................................

९. उपलब्ध गराउन सक्ने भुराको मूल्य सूची र अन्य विवरण प्रस्ट खुल्नु पर्नेछ।

| सि.नं. | माछाको भुरा | भुराको उत्पादन प्रविधि | भुरा उत्पादन हुने महिना | भुरा उत्पादन हुने स्थान | आ.व. २०८२/८३ को असोज महिना सम्म आपूर्ति गर्न सक्ने भुराको संख्या (विभिन्न साईज अनुसार) | प्रति भुरा मूल्य (विभिन्न साईज अनुसार) |
|---|---|---|---|---|---|---|
| १ | पंगासियस | | | | १-५ ग्रा. | |
| | | | | | ५-१० ग्रा. | |
| | | | | | १० ग्रा. भन्दा माथि | |
| २ | एक लिङ्गिय भाले टिलापिया | | | | १-५ ग्रा. | |
| | | | | | ५-१० ग्रा. | |
| | | | | | १० ग्रा. भन्दा माथि | |

ह्याचरी/नर्सरीको छाप

(आधिकारिक व्यक्तिको दस्तखत)

नाम:..............................................................................

पद:................................................................................

ह्याचरी/नर्सरीको नाम:.......................................................

ठेगाना:...........................................................................

सम्पर्क नं.: .....................................................................

नारायण काफ्ले
वरिष्ठ कृषि अधिकृत
रा.प.द्वि.(प्रा.)